दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १९२ | बुटवल | २०८३ साउन ०३ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday July 19, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## कांग्रेस फुटको संघारमा

बुटवल । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले सभापति गगन थापासँग मिल्ने सम्भावना सकिएको निष्कर्ष निकालेको छ।

चुनदेवीस्थित सम्पर्क कार्यालयमा हिजो इतर पक्षको नेतृत्व गरिरहेका नेता पूर्णबहादुर खड्काले देउवा समूहको शीर्ष नेताहरूको बैठक राखेका थिए। शुक्रबारको बैठकमा तीन विषयमा छलफल भएको नेता मीनबहादुर विश्वकर्माले बताए।

उनका अनुसार बीपी स्मृति दिवसको तयारी, पार्टी एकताको लागि गठित समिति र सुदृढीकरणबारे र आगामी रणनीतिबारे छलफल भएको थियो । पार्टी एकताको सम्भावना सकिएको निष्कर्षसहित राष्ट्रिय भेला बोलाउने बैठकले निर्णय गरेको उनले जनाए । साउन २४ देखि २९ को बीचमा भेला राख्ने तयारी भएको उनले जानकारी गराए।

उनले संस्थापन पक्षलाई नै मिल्न मन नलागेको हुनसक्ने जिकिर गरे । उनले नयाँ बाटो रोज्ने कुरा भए पनि नेतृत्व, नीति र विधानबारे विस्तारै छलफल हुने बताए । उनले भने-'नयाँ बाटो रोज्ने भन्ने कुरा भइहाल्यो । अब नेतृत्व, नीति, राजनीतिक सिद्धान्त, दर्शन, सबै साङ्गठनिक संरचना, वैधानिक व्यवस्था, पार्टी पार्टी सञ्चालनको विधि सबै तयारी गरेर जान्छ।'

नयाँ पार्टीको सम्भावित नेतृत्वबारे सोधिएको प्रश्नमा उनले थपे-'सबै कुरा तयारी हुँदै जान्छ । प्याकेजमा तयारी हुन्छ ।' पार्टीको नाम, चुनाव चिन्हलगायतको विषयमा पनि विस्तारै छलफल हुने उनले बताए।

## नागरिक अगुवा पाण्डेको निधन

बुटवल। नागरिक अगुवा डा. देवेन्द्रराज पाण्डेको निधन भएको छ। शुक्रबार साँझ ७ बजेर ४० मिनेट जाँदा काठमाडौंको विशालनगरस्थित निवासमा पाण्डेको निधन भएको हो ।

नागरिक आन्दोलनमा सक्रिय चिकित्सक अनुप सुवेदीका अनुसार परिवारको साथमा रहेका बेला पाण्डे बितेका हुन् । उनलाई शुक्रबार ह्याम्स अस्पतालमा, तथा त्यसपछि पाटन अस्पतालमा लगेर उपचार गरिएको थियो । क्यान्सरले थलिएका उनलाई अन्तिम घडीको आभास भएपछि परिवारले घरै लैजाने निर्णय गरेको थियो ।

८७ वर्षको उमेरमा आफूलाई क्यान्सर रोग लागेको पत्ता लागेपछि स्वेच्छामा उनले यसको गम्भीर किसिमको उपचार गराएका थिएनन् । करिब तीन महिनाअघि क्यान्सर प्रमाणित भएपछि उनी पीडा कम गर्ने औषधिको सहायता तथा नियमित उपचारसहित घरमै आराम गरेर बसेका थिए।

नेपालको लोकतान्त्रिक तथा नागरिक आन्दोलन, नेपालको अर्थतन्त्र तथा विकास प्रशासन र सुशासनका क्षेत्रका पाण्डेको महत्वपूर्ण योगदान छ । २०४६ सालको आन्दोलनपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको अन्तरिम सरकारमा २०४७ देखि २०४८ सम्म उनी अर्थमन्त्री थिए। सोही सरकारको पालामा नेपालको संविधान २०४७ बनेको थियो ।

तत्कालीन राजा ज्ञानेन्द्र शाहले २०५९ सालमा शासनसत्ता हातमा लिएपछि लोकतन्त्रका पक्षमा नागरिकको तहबाट चलाइएको अभियानमा उनले अगुवाको भूमिका निर्वाह गरेका थिए। उनी सुशासन, लोकतन्त्र, विकास, भ्रष्टाचार नियन्त्रण र उत्तरदायी राज्य व्यवस्थाका पक्षधर थिए।

२० अगस्ट १९३९ मा काठमाडौंमा जन्मिएका पाण्डेले त्रिचन्द्र कलेजमा उच्च शिक्षा हासिल गरेका थिए । त्यसपछि भारतको इलाहाबाद विश्वविद्यालयबाट स्नातकोत्तर तथा अमेरिकाको पिट्सबर्ग विश्वविद्यालयबाट सार्वजनिक तथा अन्तर्राष्ट्रिय मामिलामा पीएचडी गरेका थिए। उनी १९६१ मा नेपाल सरकारको प्रशासनिक सेवामा प्रवेश गरेका थिए । १९७८-१९८० सम्म अर्थसचिव भएका उनी तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापासँग विवाद भएपछि राजीनामा दिएका थिए। उनलाई नेपालका उत्कृष्ट अर्थ सचिवहरूको सूचीमा समावेश गरिन्छ।

» बाँकी ३ पेजमा

# पूर्वाधार विकासमा रेसुङ्गा नगरपालिकाको लोभलाग्दो फड्को

विगतमा धुलाम्य सडक अहिले कालोपत्रे भएका छन् भने घर-घरमा शुद्ध खानेपानी, उपचारका लागि अस्पताल र क्याम्पसमा निःशुल्क उच्चशिक्षाले नागरिकले परिवर्तनको अनुभूति गरिरहेका छन्।







**प्रेम सुनार**

*गुल्मी*

केही वर्ष अघिसम्म गुल्मीको सदरमुकाम तम्घास र आसपासका ग्रामीण वडाहरूमा बर्खा लाग्नासाथ सडकहरू हिलाम्मे पोखरी जस्तै बन्थे। हिउँदमा गाडी गुड्दा कुहिरीमण्डल धुलोले नजिकैको मान्छे चिनिँदैनथ्यो। सामान्य उपचारका लागि पाल्पा वा बुटवल धाउनुपर्ने बाध्यता थियो भने सामुदायिक विद्यालय र क्याम्पसहरू विद्यार्थी अभावले रित्तिँदै थिए।

तर, पछिल्ला केही वर्षमा रेसुङ्गा नगरपालिकाको भूगोल फेरिएको मात्र छैन, यहाँको भौतिक पूर्वाधार, स्वास्थ्य र शिक्षा क्षेत्रमा भएको अभूतपूर्व रूपान्तरणले नागरिकको दैनिकीलाई निकै सुरक्षित, सहज र आधुनिक बनाउँदै लगेको छ। 'समुन्नत रेसुङ्गा हाम्रो सान, उत्कृष्ट नगर सबैको पहिचान' भन्ने नाराले मूर्तरुप लिंदा रेसुङ्गाको मुहार फेरिएको छ।

**७६ किलोमिटरभन्दा बढी पक्की सडक**

रेसुङ्गा नगरपालिकाले सडक पूर्वाधारलाई आफ्नो मुख्य प्राथमिकतामा राख्यो, जसको सुखद परिणाम अहिले नगरवासीले प्रत्यक्ष भोगिरहेका छन् । गत आर्थिक वर्षको असार मसान्तसम्म थप साढे ८ किलोमिटर सडक कालोपत्रे र ढलान गर्ने कार्य पूर्णरूपमा सम्पन्न भएको र नगरभित्र हालसम्म झण्डै ७७ किलोमिटरभन्दा बढी सडक पक्की भइसकेको नगर प्रमुख खिलध्वज पन्थीले बताए।

देउराली-बगालेखोला, जन्तेढुङ्गा-सिस्नेहार र उपल्लो तम्घास सडक खण्डहरू कालोपत्रे भएसँगै यात्रा अवधि छोटिएको र सदरमुकाम नजिकै रहेर पनि सडकको पहुँच नहुँदा सास्ती खेपिरहेका गोपेवासीका लागि ७ करोड लागतमा पनाहाखोलामा पक्की पुल बन्दै गरेकाले अब दुःख भोग्नुपर्ने दिनको अन्त्य हुने नगर प्रमुख पन्थी बताउँछन्।

निरन्तरको पहलपछि गौडाकोटदेखि देउरालीसम्मको सडकका लागि १ अर्ब ४१ करोड र देउराली-खानीगाउँ-बाख्रेछेडा सडक अस्फाल्ट कालोपत्रे गर्न १० करोडको बहुवर्षीय स्रोत सुनिश्चित भएको छ। यसले रेसुङ्गालाई राष्ट्रिय सडक सञ्जालको लाइफलाइनसँग अत्याधुनिक रूपमा जोड्ने नगर प्रमुख पन्थीले बताए।

**पनाह पुलदेखि सेउवासम्म क्याट आइको जादु**

भौतिक रूपान्तरणको कुरा गर्दा बजार क्षेत्रको उज्यालो मात्र होइन, हिजोका डरलाग्दा जङ्गली बाटाहरूको कायापलटलाई भुल्न नमिल्ने मेयर पन्थीको भनाइ छ । 'सुरुवाती प्रतिबद्धताहरूमध्ये एउटा मुख्य प्रतिबद्धता रातको समयमा यात्रा गर्ने यात्रुलाई अन्धकारमुक्त बनाउने थियो, त्यो अहिले पूरा भएको छ,' मेयर पन्थीले भने-'कुनै समय पनाह पुलदेखि सेउवासम्मको जङ्गलको बाटो साँझ परेपछि जङ्गली जनावरको त्रास र घोर अन्धकारका कारण डर त्रासमा हिंड्नुपर्दथ्यो ,यात्रा गर्दा जंगली जनावर कतिबेला आउने हो भन्ने डरले मानिसहरू मुटु हातमा लिएर हिँड्थे, तर अहिले सदरमुकामदेखि सेउवासम्म झिलिमिली सडक बनेको छ।'

मेयर पन्थीको कार्यकालमा सडकको बिच र छेउहरूमा जडान गरिएका क्याट आई (बिरालाको आँखा जस्तै चम्किने सडक बत्ती) ले गर्दा यो सडकखण्ड तिहारको दीपावली झैँ झलमल्ल बलेको छ। हिजो डरले काम्दै छिचोल्नुपर्ने जङ्गलको बाटोमा आज यात्रुहरू रोकिँदै, रमाउँदै यात्रा गर्न थालेका छन्।

**तिर्खा मेट्दै मझेङ्ग खानेपानी आयोजना**

रेसुङ्गावासीका लागि खानेपानीको समस्या वर्षौं पुरानो घाउ जस्तै थियो। तर, झन्डै ३२ करोडको लागतमा सम्पन्न भएको मझेङ्ग लिफ्टिङ्ग खानेपानी आयोजनाले यो तिर्खालाई सधैँका लागि मेट्ने संकल्प पूरा गरेको नगर प्रमुख पन्थीले जनाए । 'लामो समयको प्रतीक्षा र निर्माण समितिको सक्रियतामा यो गौरवको आयोजना सम्पन्न भई अहिले झन्डै ८ हजार घरधुरीमा स्वच्छ र गुणस्तरीय खानेपानी पुग्न थालेको छ, यसका साथै तम्घास नेटा खानेपानी र कुटी-भुवनपानी वृहत् खानेपानी आयोजनाले कुटी र भुवनपानी क्षेत्रका स्थानीयवासीको जीवनमा ठुलो गुणात्मक परिवर्तन ल्याएको छ।'-पन्थीले भने।

**उज्यालो र स्मार्ट शहरको नयाँ बिहान**

रेसुंगा भौतिक विकास, सडक र पानीमा मात्र सीमित छैन, यसले नगरको सौन्दर्यीकरण र प्रविधिको प्रयोगलाई पनि उत्तिकै समेटेको छ।

हाई माष्ट र स्मार्ट लाइटले रेसुंगालाई उज्यालो शहर बनाउन थालेको छ। बजार क्षेत्रमा स्मार्ट लाइट र हाई माष्ट लाइटहरू जडान गरिएपछि तम्घासको रात्रिकालीन बजारलाई सुरक्षित र जीवन्त बनाएको छ।

बजारको सुन्दरता बिगार्ने र जोखिम बढाउने जीर्ण पोल र अव्यवस्थित तारहरूलाई प्रतिस्थापन गरी वडा नं. ५ मा स्टिल पोल र कभर तार राख्ने काम सकिएको छ।

**अत्याधुनिक सभाहल र खेल मैदान**

तम्घासको मुटुमा रहेको आकर्षक चिदीचौर खेल मैदान र अत्याधुनिक रेसुङ्गा सभाहल निर्माणको अन्तिम चरणमा पुग्नुले नगरभित्र खेलकुद र प्रशासनिक गतिविधि चलायमान बनाउन ठुलो मद्दत पुग्ने नगर प्रमुख पन्थीले बताए।

**ओछ्यानमै सरकार, अस्पतालमै विशेषज्ञ सेवा**

भौतिक पूर्वाधारसँगै रेसुङ्गाले मानवीय संवेदनशीलता र स्वास्थ्य क्षेत्रमा नागरिकले सिधै राहत पाउने गरी ठुलो फड्को मारेको छ।

सुरुमा ५ वटा मेसिनबाट सुरु गरिएको मिर्गौला डायलाइसिस सेवामा हाल थप ३ वटा मेसिन थपेर ८ वटा मेसिन सञ्चालनमा ल्याइएको छ। यसबाट ३५ जनाभन्दा बढी बिरामीले आफ्नै जिल्लामा निःशुल्क सेवा पाइरहेका छन्, जसले गर्दा बुटवल र काठमाडौँ धाउनुपर्ने बाध्यता अन्त्य भई करोडौँ रुपैयाँ जोगिएको नगर प्रमुख पन्थीको भनाइ छ।

जिल्ला अस्पतालमा हाडजोर्नी, स्त्रीरोग, बालरोग र ईन्टरनल मेडिसिनका ६ जना विशेषज्ञ डाक्टरहरूलाई बराबरको तलब प्रोत्साहनस्वरूप नगरपालिकाले उपलब्ध गराई विशेषज्ञ सेवालाई दीगो बनाएको पन्थीले बताए।

देशमै पहिलो पटक मोतिविन्दुको सम्पूर्ण उपचार निःशुल्क गराएर नगरले राष्ट्रिय सम्मान पाएको छ । दम र श्वासप्रश्वासका २५२ जना बिरामीलाई घरमै निःशुल्क अक्सिजन कन्सन्ट्रेटर र सुत्केरीका लागि 'आमासँग उपमेयर' जस्ता कार्यक्रमहरू सफलतापूर्वक सञ्चालनमा छन्।

**स्मार्ट स्कूल र स्नातक तहमा निःशुल्क भर्ना**

रेसुङ्गाले सामुदायिक शिक्षा र उच्च शिक्षामा पनि ऐतिहासिक रूपमा नीतिगत सुधार गरेको छ। रेसुङ्गा बहुमुखी क्याम्पसमा स्नातक तह प्रथम वर्षमा भर्ना हुन आउने जुनसुकै स्थानका विद्यार्थीको सम्पूर्ण भर्ना शुल्क नगरपालिकाले व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ।

» बाँकी ३ पेजमा

# आरोप प्रमाणित नभएपछि पौडेल साधारण तारेखमा रिहा



बुटवल । पूर्वउपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलमाथि लगाइएका आरोपमा तथ्य र प्रमाण नभेटिएपछि साधारण तारेखमा छुटेका छन्।

पौडेललाई २० करोड ९० लाख सम्पत्ति शुद्धीकरण गरेको आरोपसहित पक्राउ गरे पनि त्यो आरोप प्रमाणित हुने कुनै पनि आधार नभएको भन्दै विशेष अदालतले साधारण तारेखमा रिहा गर्न आदेश दिएको हो।

सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अहिले पुर्पक्षका लागि थुनामा रहेका दिपक भट्टलाई लाभ पुऱ्याउन पौडेलले सहयोग गरेको आरोप सरकारको थियो । तर, सरकारले दाबी गरेका कुनै पनि आरोपको प्रमाण नपुग्ने तथा पौडेलले सम्पत्ति शुद्धीकरण गरेको प्रथम दृष्टिमा नै नदेखिने भन्दै अदालतले पौडेललाई रिहा गरिदिएपछि सरकारको नियतमा गम्भीर समस्या देखिएको एक वरिष्ठ कानुन व्यवसायीले बताए।

'नेपाल सरकारको उप-प्रधानमन्त्री भइसकेको व्यक्तिलाई सम्पत्ति शुद्धीकरण विभागले सुर्खेतमा पक्राउ गरेर माइक्रोबस चढाएर काठमाडौं ल्यायो, म्याद थपका लागि पटक-पटक अदालत पेश गर्दा प्रमाण छ, गोप्य अनुसन्धान भइरहेको छ भनियो। तर, मुद्दा दर्ता गर्दा आरोप प्रमाणित गर्ने त्यस्ता कुनै प्रमाण थिएनन् । अदालतले एक रुपैयाँ पनि धरौती राख्न नलगाई छाडिदियो, यसबाट सरकारले अनावश्यक दुःख दिने र स्टन्ट गर्ने नियतका साथ काम गरेको छर्लंगै भयो।'- उनले भने।

अर्थ मन्त्रालयमातहतको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विष्णुप्रसाद पौडेललाई २५ दिनअघि ८ असारमा सुर्खेतमा एक कार्यक्रमस्थलबाटै पक्राउ गरेको थियो।

अर्थमन्त्री रहेका बेला पौडेलले कमल मालपानी र चुन्नुप्रसाद शर्माको स्वामित्वमा भएको श्रीराम टोबाको प्रालिको ३ लाख ७५ हजार कित्ता सेयर दिपक भट्टलाई सस्तोमा दिलाउन दबाब दिएको आरोप विभागले लगाएको थियो। पौडेल र मालपानीले आफ्नो बयानका क्रममा पौडेलको संलग्नताबारे बोलेको भन्दै उनीमाथि अनुसन्धान गरिएको सरकारको दाबी थियो।

तर, विशेष अदालतका न्यायाधीशहरु नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको संयुक्त इजलासले सरकारका कुनै पनि दाबी नपुग्ने निष्कर्ष निकालेको छ।

अदालतले श्रीराम टोबाको अन्तर्गतको सेयर दिपक भट्टको कम्पनीले खरिद गर्ने बेला पौडेल अर्थमन्त्री नै नरहेको, आरोपमाथि उनले इन्कारी बयान दिएको र दीपक भट्टसँग उनले वित्तीय कारोबार नदेखिएको, तथा पौडेलको सम्पत्ति तथा बैंक खाता हेर्दा पनि उनले लाभ प्राप्त गरेको नदेखिएको भन्दै विशेष अदालतले उनलाई सामान्य तारेखमा छाड्न आदेश दिएको हो।

बरु विशेष अदालतले दिपक भट्टसँग श्रीराम टोबाको मात्रै होइन, हिमालयन रिइन्स्योरेन्स कम्पनीको सेयर खरिदबिक्रीमा समेत कारोबार देखिएका कमल मालपानी र चुन्नुप्रसाद पौडेलविरुद्ध सरकारले मुद्दा नचलाएको भन्दै उल्टै सरकारको नियतमाथि नै प्रश्न उठाएको छ।

अदालतले पौडेललाई एक रुपैयाँ पनि धरौटी नराखी साधारण तारेखमा छोड्न दिएको आदेशमा केही मुख्य आधार छन्।

पहिलो आधारमा श्रीराम टोबाको प्रालिको सेयर दिपक भट्टलाई बेच्दा विष्णु पौडेलले दबाब दिएको प्रमाणित नभएको । श्रीराम टोवाको उद्योग प्रालिका सञ्चालक र शेयरधनीहरु चुन्नुप्रसाद पौडेल र कमलकिशोर मालपानीले बयान गर्दा उद्योगको ३ लाख ७५ हजार कित्ता शेयर दिपक भट्टक

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

## सम्पादकीय

# अविचलित अगुवा

नागरिकमैत्री व्यवस्थाको पक्षमा सक्रिय बौद्धिक योद्धा देवेन्द्रराज पाण्डेको निधन केवल उनको भौतिक अवसान मात्रै नभएर मुलुक र लोकतन्त्रका लागि अपुरणीय क्षति हो। दलीय आबद्धता बाहेकका व्यक्ति पाउन समाजमा समस्या परेका बेला अविचलित रुपमा नागरिक अगुवाका रुपमा उनले खेलेको भूमिका अविष्मरणीय छ। पाण्डेको शुक्रबार साँझ ८७ वर्षको उमेरमा निधन भएको छ।

नागरिक हक र नागरिकमैत्री व्यवस्थाका निम्ति पाण्डेको सक्रिय सहभागिता २०३६ सालदेखि नै भएको हो। प्रारम्भमा पञ्चायती शासनका जागिरे उनले २०३६ सालमा अर्थ सचिवबाट राजीनामा दिए। तत्कालीन राजा वीरेन्द्र शाहले घोषणा गरेको जनमत संग्रह सफल बनाउन प्रधानमन्त्री बनाइएका सूर्यबहादुर थापाले पञ्चायत पक्षलाई जिताउन राज्यसत्ताको दुरुपयोगलाई तीव्रता दिएपछि उनले राजीनामा दिएका थिए। उनको  राजीनामाले बहुदल पक्षलाई अघि बढ्न ऊर्जा दियो। २०४६ सालमा जनआन्दोलन सफल भएसँगै कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारमा उनी अर्थमन्त्री भए। राजनीतिक दलहरूलाई त्यो विशाल नागरिक आन्दोलनको वैधता आर्जन गरेर नयाँ सत्ता सफल पाण्डेले जीवनको अन्तिम घडीमा समेत मुलुककै चिन्ता थियो।

उनले वैदेशिक सहायतालाई क्रमशः बन्द गर्नुपर्ने विचार राख्थे। वैदेशिक सहायताले मुलुकलाई स्वावलम्बी बनाउन नसक्ने उनको धारणा थियो। पञ्चायत व्यवस्थाप्रति असहमति राखेर अर्थसचिवबाट राजीनामा दिएका उनले २०४६ सालको जनआन्दोलनमा जति अगुवाइ गरे, त्योभन्दा बढी २०६२/०६३ को जनआन्दोलनमा अगुवाइ गरे। त्यसपछि उनको पहिचान अझै फराकिलो भयो। जनआन्दोलनपछि नागरिक आन्दोलनका अगुवा छिन्नभिन्न भए। तर पाण्डेलगायत सीमित व्यक्ति मात्रै आफ्नो पूर्ववत् आदर्शमा अडिग रहेर नागरिक अगुवाको भूमिका कायम राखिरहे। राजकीय पदभन्दा अलग रहेर सत्तालाई खबरदारी गरिरहेर उनको बेग्लै पहिचान सम्भव भएको हो। वर्तमान व्यवस्थाको एक धरोहरका रूपमा उभिइरहे।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा ८ जेठ २०५९ मा गरिएको प्रतिनिधिसभा विघटन र तत्कालीन राजा ज्ञानेन्द्रले दुई पटक (१८ असोज २०५९ र १९ माघ २०६१) प्रधानमन्त्री देउवालाई पदच्युत गरी लादेको अधिनायकवादविरुद्धको संघर्षले नागरिक आन्दोलन (नागरिक समाज) को जन्म भयो। माओवादी सशस्त्र संघर्षमै रहेको र संसदवादी दलहरूले नागरिकको विश्वास गुमाएको तत्कालीन परिस्थितिमा ज्ञानेन्द्रको अधिनायकवादी शासन मौलाउने मौका पायो । त्यहीबेला नागरिक आन्दोलनले नै जनता र दललाई जोड्यो। नागरिक आन्दोलन नै लोकतान्त्रिक आन्दोलनको प्रस्थानविन्दु भयो। राजनैतिक दलहरुलाई गोलबन्द गर्दै आन्दोलनमा होमिन वातावरण बनायो। यो परिवर्तनका लागि पाण्डेको भूमिका अतुलनीय छ। लोकतन्त्र, नागरिक स्वतन्त्रता, नागरिक हक र समानता स्थापित गर्न सधैँ सक्रिय रहने व्यक्तिका रूपमा हामी उहाँलाई सम्झिरहने छौँ। सच्चा नागरिक अगुवा पाण्डेप्रति हार्दिक श्रद्धाञ्जली।

# नयाँ युगको कृषि नीति



मुक्तिनाथ झा



नेपालको हालको खाद्य सुरक्षा स्थिति केही सुधार देखिए पनि अवस्था अझै चिन्ताजनक छ। २०२५ सालको वैश्विक भोक सूचकाङ्कमा नेपाल १२३ देशमध्ये ७२औँ स्थानमा रहँदै १४.८ अङ्कसहित 'मध्यम' स्तरको भोकमरीमा वर्गीकृत छ। करिब १३ प्रतिशत जनसंख्या अझै मध्यमदेखि गम्भीर खाद्य असुरक्षामा छन्। जसमध्ये कर्णाली प्रदेश ३२ प्रतिशतसहित सबैभन्दा बढी प्रभावित छ। अझै पनि चारमध्ये एक बच्चा स्टन्टिङबाट पीडित छन् र स्टन्टिङ दर गत वर्षको तुलनामा १.२ प्रतिशतले बढेको छ, साथै ५.२ प्रतिशत जनसंख्यामा पर्याप्त क्यालोरीको कमी छ। नेपालको संविधानले खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। दिगो विकास लक्ष्यले सन् २०३० सम्म 'शून्य भोकमरी' को लक्ष्य राखेको सन्दर्भमा नयाँ कृषि नीतिले प्रत्येक स्थानीय तहमा खाद्य भण्डार, आपत्कालीन खाद्य परिचालन एकाइ र पोषण कार्यक्रमलाई एकीकृत रूपमा समावेश गर्नु पर्छ। क्षेत्रगत खाद्य असुरक्षाको वास्तविक समय तथ्याङ्क सङ्कलन र प्रतिकार्यको व्यवस्था नीतिले गर्नु पर्छ। कर्णाली र सुदूरपश्चिम जस्ता खाद्य न्यून क्षेत्रमा विशेष लक्षित कार्यक्रम नीतिको अभिन्न अङ्ग बन्नु पर्छ।

**व्यापार घाटामा सुधार**

कृषि व्यापार घाटा पछिल्ला वर्षमा तीव्र गतिमा बढ्दो छ। कृषिजन्य वस्तुको आयात लगभग चार खर्ब पुगेको छ। निर्यात यसको एक चौथाइ मात्र छ। चामल, दाल, तरकारी, फलफूल, खाद्य तेललगायत आधारभूत खाद्यान्नसमेत आयात गरिँदै छ, जुन देशको आत्मनिर्भरताको दृष्टिले अत्यन्त चिन्ताजनक अवस्था हो। कृषि विकाश रणनीतिले कृषि निर्यात प्रवर्धन र आयात प्रतिस्थापनलाई मुख्य रणनीतिका रूपमा राखेको छ। नयाँ कृषि नीतिले तुलनात्मक लाभ भएका तथा नेपाल व्यापार एकीकृत रणनीति, २०८० ले निर्देश गरेका कृषि वस्तुहरू जस्तै अदुवा, अलैँची, चिया, कफी, जडीबुटी, अर्गानिक उत्पादन, याक तथा च्याङ्ग्राजन्य उत्पादनको उत्पादन, प्रशोधन र निर्यात प्रवर्धनका लागि ठोस कार्यनीति समावेश गर्नु पर्छ। भौगोलिक सङ्केतीकरण, रैथाने बालीको प्रवर्धन, अर्गानिक प्रमाणीकरण र ब्रान्डिङलाई तीव्रता दिनु आवश्यक छ। नेपाल सन् २०२६ नोभेम्बर २४ मा अतिकम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नति हुने चरणमा छ। एलडिसी स्तरोन्नतिपछि अहिले पाएरहेको सुविधा गुमिने सम्भावनालाई दृष्टिगत गर्दै अन्तर्राष्ट्रिय व्यापार सन्धिमा राष्ट्रिय क्षमता विकासको व्यवस्था नीतिमा अनिवार्य रूपमा राखिनु पर्छ।

रासायनिक मलखादको माग र आपूर्तिबिचको खाडल छ। मलखाद अभावका कारण उत्पादकत्वमा हुने ह्रासले किसान पीडित छन्। रासायनिक मलखादको असन्तुलित प्रयोगले माटोको स्वास्थ्य बिग्रिएको छ। नयाँ कृषि नीतिले रासायनिक मलखादको आपूर्ति सुनिश्चितसँगै जैविक तथा प्राङ्गारिक मलखादको उत्पादन र प्रयोगलाई प्राथमिकता दिनु पर्छ। माटो स्वास्थ्य कार्ड प्रणाली, माटो परीक्षण प्रयोगशालाको विकास र माटोमा प्राङ्गारिक पदार्थको मात्रा बढाउने एकीकृत माटो पोषण व्यवस्थापन नीतिमा समावेश हुनु पर्छ। रासायनिक मलखादमाथिको निर्भरता क्रमशः घटाउँदै जैविक खेतीतर्फ रूपान्तरण गर्ने दीर्घकालीन कार्यनीति नीतिमा स्पष्ट उल्लेख हुनु पर्छ।

**जलवायुमैत्री कृषि**

नेपाल जलवायु परिवर्तनबाट सर्वाधिक प्रभावित हुने देशमध्येको एक हो। जलवायु परिवर्तनले कुल गार्हस्थ उत्पादनमा १.५-२ प्रतिशतसम्म असर पुर्‍याएको छ। विश्वव्यापी रूपमा देखिएको जलवायु परिवर्तनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सबै क्षेत्रलाई प्रभावित गरेको छ। विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा नगण्य भूमिका भए पनि जलवायु परिवर्तनका कारण प्रतिकूल असरको जोखिम उच्च रहेका राष्ट्रमध्ये एक हौँ। बहुप्रकोपीय जोखिमको हिसाबले २०औँ, जलवायु परिवर्तनको हिसाबले पाँचौँ, बाढीपहिरोको हिसाबले ३० औँ तथा भूकम्पीय जोखिमको हिसाबले पाँचौँ स्थानमा हामी छौँ। पछिल्लो दशकमा वर्षा, सुक्खा खडेरी, बाढी, असिना पानी र तुसारोपातका घटना वार्षिक रूपमा बढेका छन्। वैज्ञानिक अध्ययनले देखाए अनुसार हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन्, जसले दीर्घकालीन जलस्रोतको उपलब्धतामा गम्भीर असर पार्ने छ। कृषिक्षेत्र जलवायु परिवर्तनको हिसाबले जोखिमपूर्ण भएको सन्दर्भमा नयाँ कृषि नीतिले जलवायु स्मार्ट कृषि, खडेरी र बाढी प्रतिरोधी बालीका जातको विकास र प्रसार, पूर्वसूचना प्रणाली, कृषि बिमाको दायरा विस्तार र जलवायु वित्तका स्रोत परिचालनको ठोस प्रावधान गर्नु पर्छ।

**युवा पलायन र यान्त्रिकीकरण**

नेपालमा वैदेशिक रोजगारीको बढ्दो प्रवृत्तिले कृषिक्षेत्रमा श्रम अभाव तीव्र बनेको छ। श्रम सर्वेक्षणअनुसार प्रत्येक वर्ष चार लाखभन्दा बढी युवा वैदेशिक रोजगारीमा जाने गरेका छन्। यसको प्रत्यक्ष प्रभाव कृषिमा पर्दा खेतीयोग्य जमिन बाँझो रहने क्रम तीव्र भएको छ। मध्यपहाडी र हिमाली क्षेत्रमा अनुत्पादक बाँझो जमिनको क्षेत्रफल पनि क्रमिक रूपमा बढ्दै गएका रिपोर्ट छन्। यस समस्याको समाधानका लागि नयाँ कृषि नीतिले कृषि यान्त्रिकीकरणलाई विशेष प्राथमिकता दिनु पर्छ। पहाडी भूगोलमा उपयुक्त साना तथा मझौला यन्त्र उपकरणको विकास र सुलभ उपलब्धता, कस्टम हायरिङ सेन्टरको विस्तार र मेसिनरीमा अनुदान नीति समावेश हुनु पर्छ। कृषि उद्यमशीलतालाई आकर्षक बनाउन इन्कुबेसन केन्द्र, स्टार्टअप सहयोग र युवा किसानका लागि विशेष ऋण सुविधाको व्यवस्था नीतिको अभिन्न अङ्ग बन्नु पर्छ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सिप र पुँजीलाई कृषि उद्यममा आकर्षित गर्ने विशेष कार्यक्रम पनि नीतिले सम्बोधन गर्नु पर्छ।

नेपालमा कृषि अनुसन्धान, कृषि प्रसारसेवा र कृषि शिक्षाबिचको समन्वय अत्यन्त कमजोर छ। नेपाल कृषि अनुसन्धान परिषद्ले विकास गरेका प्रविधि कृषकसम्म पुग्न बर्सौं लाग्ने गर्छ। अनुसन्धान केन्द्र र कृषि ज्ञान केन्द्रबिचको सम्पर्क कमजोर छ, विश्वविद्यालयमा पढाइने पाठ्यक्रम समयको वास्तविकतासँग तालमेल राख्न नसकेको अवस्था छ। कृषि विश्वविद्यालय र नेपाल कृषि अनुसन्धान परिषद्बिच संरचनागत सम्बन्ध अझै प्रभावकारी बनेको छैन। नयाँ कृषि नीतिले यस त्रिपक्षीय सम्बन्धलाई संरचनागत रूपमा अनिवार्य गर्नु पर्छ। अनुसन्धान प्राथमिकता निर्धारणमा कृषकको सक्रिय सहभागिता, प्रविधि हस्तान्तरणको स्पष्ट समयसीमा, विश्वविद्यालयमा प्रयोगात्मक र उद्यममुखी कृषि शिक्षाको विकास र कृषि प्रसार जनशक्तिको क्षमता अभिवृद्धिका लागि निरन्तर तालिम कार्यक्रमको व्यवस्था नीतिमा उल्लेख हुनु पर्छ। कृषि नीति 'थिङ्क ट्याङ्क' को स्थापना र अनुसन्धान-शिक्षा-प्रसार सम्बन्धलाई कानुनी प्रावधानसहित सुदृढ गर्नु अत्यावश्यक छ।

**सीमान्तकृतको समावेशीकरण**

नेपालको कृषिक्षेत्रमा तीन तहका सरकारबिच समन्वयको अभाव, बजेटमा अस्पष्टता र ७५३ वटै स्थानीय तहमा प्राविधिक जनशक्तिको चरम अभाव मुख्य समस्याका रूपमा रहेका छन्। देशमा गरिबी २०.२७ प्रतिशत र बहुआयामिक गरिबी १७ प्रतिशतमा झरे पनि कृषिमा आश्रित ग्रामीण जनसंख्या नै यसबाट बढी प्रभावित छ। बेरोजगारी दर १२.६ प्रतिशत पुग्दा वार्षिक साढे आठ लाखभन्दा बढी युवा वैदेशिक रोजगारीमा जान बाध्य छन्। अर्कोतर्फ दलित, जनजाति, महिला र सीमान्तकृत किसान अझै पनि कृषिसेवा, ऋण र प्रविधिको समान पहुँचबाट वञ्चित छन्।

यस पृष्ठभूमिमा सोह्रौँ आवधिक योजनाको समावेशी विकासको लक्ष्यलाई आत्मसात् गर्दै नयाँ कृषि नीतिले महिलाका लागि कम्तीमा ५० प्रतिशत सहभागिता, भूमिहीनका लागि जग्गा करार तथा सुलभ ऋण र किसान पहिचानपत्रमा आधारित कल्याणकारी योजना सुनिश्चित गर्नु पर्छ। पूर्वाधारको क्षेत्रमा ३५ लाख हेक्टर खेतीयोग्य जमिनमध्ये १५ लाख हेक्टरमा मात्र सिँचाइ पुगेको छ। शीतभण्डार, प्रशोधन केन्द्र र कृषि सडकको अभावले उत्पादनपछिको क्षति उच्च छ। त्यसैले नीतिले सौर्य ऊर्जामा आधारित र नवीनतम सिँचाइ प्रविधि तथा हरेक स्थानीय तहमा भण्डारगृहको व्यवस्था गर्नु पर्छ। जैविक विविधता संरक्षणतर्फ, हाइब्रिड जातका कारण रैथाने बाली र पशुजात लोप हुने खतरामा छन्। किसानको परम्परागत ज्ञानलाई बौद्धिक सम्पत्तिका रूपमा दर्ता गर्ने र स्थानीय उत्पादनको ब्रान्डिङ गर्ने नीति आवश्यक छ। यस्तै वित्तीय पहुँचतर्फ साना किसानलाई मिटरब्याजी चक्रबाट बचाउन बैङ्किङ प्रणालीलाई जिम्मेवार बनाउने, कृषि बिमालाई सरल र अनुदानयुक्त बनाउने तथा डिजिटल कृषिका लागि मोबाइल आधारित बजार सूचना प्रणाली विकास गर्नु पर्छ।

अन्ततः, निर्वाहमुखी कृषिलाई व्यावसायिक, प्रविधिसम्मत र जलवायु उत्थानशील बनाउनु नै अर्थतन्त्र सुधारको मुख्य आधार हो। संविधानप्रदत्त खाद्य सम्प्रभुताको हक साकार पार्न केवल नीतिगत दस्ताबेज मात्र नभई दृढ राजनीतिक इच्छाशक्ति, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयन अपरिहार्य छ। कृषिक्षेत्रको समग्र रूपान्तरण एक मात्र दिगो मार्ग हो।

नेपालको कृषिक्षेत्रलाई निर्वाहमुखीबाट व्यावसायिक, प्रविधिसम्मत र जलवायु उत्थानशील प्रणालीमा रूपान्तरण गर्नु अर्थतन्त्र सुधारको मुख्य आधार हो। सोह्रौँ योजना र संविधानप्रदत्त खाद्य सम्प्रभुताको हक साकार पार्न यो नीति महत्वपूर्ण छ। यसका लागि नीति मात्र नभई दृढ राजनीतिक इच्छाशक्ति, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयनमार्फत् कृषि रूपान्तरण नै समृद्धिको एक मात्र दिगो मार्ग हो।

गोपबाट

# आत्मदाहको शृंखलाले देखाएको मानसिक स्वास्थ्यसम्बन्धी ठूलो प्रश्न

धीरज मैनाली

नेपालमा पछिल्लो समय आत्मदाहका घटनाहरू दिनानुदिन सुनिँदै आइएका छन्। धेरैले यसलाई सरकारलाई बदनाम गराउने अस्त्रका रूपमा व्याख्या गरिरहेका छन् भने कतिपय स्थापित क्षेत्रबाटै यसलाई सरकारको असफलता चित्रण गर्ने प्रयास भइरहेको छ। गणेश नेपालीलगायतका व्यक्तिहरूले यसरी देहत्याग गर्नु आफैँमा अत्यन्तै दुःखद विषय हो।

प्रतिपक्ष वा आलोचकहरूले भनेजस्तै सरकार स्टन्ट देखाउनमै व्यस्त रहेको र अपरिपक्व कार्यशैलीका कारण जनतामा निराशा बढेर आत्मदाह बढेको भन्नु मात्र पर्याप्त हुँदैन। राजनीतिक आरोप-प्रत्यारोपभन्दा माथि उठेर यसको वास्तविक कारण के हो र यस्ता अप्रिय कार्यहरूलाई निरुत्साहित गर्न के गर्ने भन्नेबारे गम्भीरतापूर्वक सोच्नुपर्ने बेला आएको छ। कतै यसका पछाडि मानसिक स्वास्थ्य नै मुख्य कारक त होइन ? सामान्य अवस्थामा मानिसले आफ्नो अमूल्य जीवन कसरी त्याग्न सक्छ ? संसारमा मानिसलाई आफूभन्दा बढी माया अरू कसैको लाग्दैन। त्यसैले, अहिलेको समयमा आत्महत्या वा आत्मदाहका घटनालाई सनसनीपूर्ण 'समाचार' बनाउने होडबाजीभन्दा पनि मानसिक स्वास्थ्यबारे जनचेतना जगाउनु आजको मुख्य आवश्यकता हो।

धार्मिक आचरण, संस्कार र परम्परा हाम्रा मौलिक पहिचान र जीवन पद्धतिका आधारस्तम्भ हुन्। धर्म, संस्कार र संस्कृतिले मानिसलाई सधैँ जीवन जिउने प्रेरणा र ऊर्जा प्रदान गर्छ। तर, पछिल्लो समय यसमा ठूलो ह्रास आएको देखिन्छ। समाजका अभिन्न अङ्ग मानिने मिडिया, नागरिक समाज तथा धार्मिक संघ-संस्थाहरूले मानिसमा जीवनप्रति ऊर्जा, आशा र प्रेरणा जगाउने खालका गतिविधि किन सञ्चालन गरिरहेका छैनन् ? अरू कसैले चरम निराशामा पुगेर आत्मदाह गर्ने अनि हामी चाहिँ त्यसलाई सरकारतिर मात्र औँला तेर्स्याएर रमिते बनिरहने छुट पाउन सक्छौँ र ?

मानसिक स्वास्थ्य भन्नाले मानिसको भावनात्मक, मनोवैज्ञानिक र सामाजिक रूपमा स्वस्थ रहने अवस्थालाई बुझाउँछ। मानसिक रूपमा स्वस्थ व्यक्तिले तनाव व्यवस्थापन गर्न, सही निर्णय लिन र जस्तोसुकै कठिन परिस्थितिमा पनि जीवनका असहजताहरूलाई सामना गर्दै अघि बढ्न सक्छ। त्यस्ता व्यक्तिले जीवन त्याग्ने सोच राख्दैनन्, बरु सङ्घर्षलाई जीवनको अभिन्न पाटो मानेर अनेकौँ हन्डर र ठक्करहरूलाई चिर्दै अगाडि बढ्छन्। जीवनमा अनगिन्ती समस्याहरू आउँछन्। आफूले सोचेजस्तो वा खोजेजस्तो सधैँ हुँदैन। कहिलेकाहीँ व्यक्ति, समाज वा कार्यस्थलले पनि तनावपूर्ण अवस्था सिर्जना गरिदिन सक्छन्, तर मानसिक रूपमा बलियो मानिसले यी सबै परिस्थितिमा धैर्य, सहनशीलता र दृढताका साथ सामना गर्छ।



आजको व्यस्त जीवनशैली, बेरोजगारी, गरिबी, पारिवारिक तनाव, सामाजिक सञ्जालको अत्यधिक प्रयोग, अप्राकृतिक अपेक्षाहरू र सङ्गतका कारण मानसिक स्वास्थ्य विश्वव्यापी चुनौती बनेको छ। यस्तो गम्भीर परिस्थितिको संवेदनशीलतालाई आँकलन गरेर सचेतना बढाउनुको सट्टा मिडिया र सामाजिक सञ्जालहरूमा 'टिआरपी' बढाउने र थप निराशा फैलाउने गरी सामग्रीहरू सम्प्रेषण गर्नु कतिसम्म शोभनीय कार्य हो ?

**तथ्यांकले के भन्छ ?**

नेपाल राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण २०२ अनुसार नेपालमा करिब १० प्रतिशत वयस्कले आफ्नो जीवनकालमा कुनै न कुनै मानसिक समस्याको अनुभव गरेका छन् भने ४.३ प्रतिशतमा मानसिक विकार देखिएको छ।

सन् २०२५ को प्रतिवेदन अनुसार नेपालमा आत्महत्याको औसत दर प्रति १ लाख जनसंख्यामा १४.८ पुगेको देखिएको छ।

विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार विश्वभर १ अर्बभन्दा बढी मानिस कुनै न कुनै मानसिक स्वास्थ्य समस्यासँग बाँचिरहेका छन्, जसमा चिन्ता (एन्जाइटी) र डिप्रेसन सबैभन्दा बढी छ। नेपालमा गरिएका अन्य अध्ययन अनुसार चिन्ताको दर २२.७ प्रतिशत र डिप्रेसनको दर ११.७ प्रतिशत रहेको देखाएको छ।

यी तथ्यांकहरूले हामी समयमै गम्भीर नहुने हो, नियमन नगर्ने हो, र समाजमा अराजकता मात्र बढ्न दिने हो भने अवस्था अझ भयावह हुने स्पष्ट सङ्केत गर्छन्। युवापिँढीमा विलासिता मात्र हाबी हुने, सामाजिक सञ्जालमा लिप्त रहने, तर जीवनप्रतिको स्नेह र धर्म-संस्कारप्रतिको झुकाव घट्दै जाने हो भने भोलिको समाजले विकराल रूप लिने निश्चित छ।

राति अबेर १-२ बजे सुत्ने र दिनभर मोबाइल गेम वा च्याटमा व्यस्त रहने युवाहरूको संख्या उल्लेख्य छ। अभिभावकको अत्यधिक लाडप्यारमा हुर्किएका, जीवनमा कहिल्यै दुःख वा असफलता नभोगेका र नैतिक वा धार्मिक मूल्य-मान्यताबाट टाढा रहेका कतिपय युवाहरूमा तुरुन्तै परिणाम चाहिने, छिट्टै हरेस खाने र असमयमै जीवनको अन्त्य गर्नेसम्मको आत्मघाती सोच पलाएको देखिन्छ।

चाहेको प्रेम नपाउँदा उत्पन्न हुने शङ्का-उपशङ्का, शारीरिक व्यायामको अभाव, छिट्टै धनी बन्ने तीव्र चाहना, सानातिना कुरामा पनि निराश हुने प्रवृत्ति, आलोचना सहन नसक्ने र केवल सुख-विलासिता मात्र खोज्ने आजको पुस्तालाई जीवनको अर्को पाटो (सङ्घर्ष र वास्तविकता) बुझाउने जिम्मेवारी परिवार, समाज, विद्यालय र सञ्चारमाध्यम सबैको हो। नेपालका युवा, विपन्न समुदाय र स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरूमा समेत मानसिक स्वास्थ्यको समस्या बढ्दै गएको देखिन्छ। व्यस्त दैनिकी, प्रविधिको दुरुपयोग, लागुऔषधको लत, देखासिकी र विलासी जीवनशैलीको चाहना पूरा नहुँदा उत्पन्न हुने चिन्ताले मानिसलाई क्रमिक रूपमा डिप्रेसनतर्फ धकेलिरहेको छ।

धर्मले मानिसलाई जीवन जिउने कला सिकाउँछ। मन्दिर वा आध्यात्मिक स्थलहरूले शान्तिको मार्ग देखाउँदै संसारका भौतिक चिजहरू नश्वर छन् भन्ने बोध गराउँछन्। शान्ति र सन्तुलन खोज्ने बुद्धको मार्ग आज हामी नेपालीहरूका लागि अत्यावश्यक भएको छ। जीवनमा वितृष्णा कहाँ छैन र ? विश्वका अत्यन्तै विकसित र समृद्ध मुलुकहरूमा समेत आत्महत्याको दर उच्च छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार १५ देखि २९ वर्ष उमेर समूहका युवाहरूको मृत्युको तेस्रो प्रमुख कारण आत्महत्या हुनु अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हो।

त्यसैले, सञ्चारगृहहरूको काम पनि केवल घटनाको सनसनीपूर्ण प्रचार गर्ने वा सरकार र अन्य पक्षलाई मात्र दोषारोपण गर्ने हुनुहुँदैन। सञ्चारमाध्यमले समाजमा आशा र चेतनाको सञ्चार गर्नुपर्छ। हामी सबै आ-आफ्नो क्षेत्रबाट सचेत बनौँ। आफ्ना सन्तानलाई संयम, धैर्य र शान्तिको बाटो देखाउने पहिलो कर्तव्य अभिभावकको हो। धार्मिक आचरण र आध्यात्मिक जागरणले मानिसलाई योग, ध्यान र आत्मचिन्तनतर्फ प्रेरित गर्छ।

जीवनलाई शान्त बनाउने, तनाव व्यवस्थापन गर्ने र कठिन परिस्थितिबाट बाहिर निस्कने उपायहरूबारे जनस्तरमा सचेतना जगाउनु आजको टड्कारो आवश्यकता हो। अन्यथा, भविष्यमा आत्मदाह र आत्महत्याका अझ काहालीलाग्दो दृश्यहरू हाम्रासामु आउनेछन्, जसको कल्पना मात्र पनि हृदयविदारक छ। सबैले आ-आफ्नो तहबाट सचेतना बढाउने कार्य गरौँ। रिस, प्रतिशोध वा बदनामीको अस्त्रका रूपमा आत्मदाह गर्ने/गराउने परिस्थिति कहिल्यै सिर्जना हुनुहुँदैन र हुनुहुँदैन।

# पर्यटनमा रणनीतिक बजारीकरणको खाँचो

**सुरेशसिंह बुडाल**
*काठमाडौँ*

नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, धार्मिक सम्पदा र हिमाली पर्यटनका कारण विश्वभर परिचित देश हो। हिमाल, पहाड र तराईको बेजोड प्राकृतिक सौन्दर्यता तथा उपजहरु, राष्ट्रिय निकुञ्ज, ऐतिहासिक सम्पदा तथा विभिन्न जातजातिका मौलिक संस्कृति नेपालको पर्यटन क्षेत्रका प्रमुख आकर्षण हुन् । यति धेरै सम्भावना हुँदाहुँदै पनि अन्तरराष्ट्रिय बजारीकरण प्रभावकारी हुन नसक्दा अपेक्षित रूपमा पर्यटकको आगमन बढाउन सकिएको छैन। हाल पर्यटकस्तरीय होटलमा करिब ४० लाख शय्या (बेड) छन्, पूर्वाधारमा पनि उल्लेख्य सुधार भएको छ, दुई वटा थप अन्तरराष्ट्रिय विमानस्थल निर्माण भइसकेका छन् तर विदेशी पर्यटकको संख्यामा अपेक्षित सुधार आउन सकेको छैन । माग र आपूर्तिबिच सन्तुलन नमिल्दा यो समस्या देखिएको हो । गन्तव्यको माग वृद्धिका लागि रणनीतिक, सघन र प्रभावकारी बजारीकरण अपरिहार्य छ।

कोभिड-१९ महामारीपछि नेपालको पर्यटन क्षेत्र विस्तारै पुनर्जीवित हुँदै गएको छ। विदेशी पर्यटकको आगमन बढ्दै गएको छ भने आन्तरिक पर्यटन पनि उल्लेखनीय रूपमा विस्तार भएको छ। वर्तमान अवस्थामा पर्यटन क्षेत्रमा केही सकारात्मक संकेत देखिए पनि दीर्घकालीन योजना, पूर्वाधार विकास र गुणस्तरीय सेवा प्रवाहमा अझै धेरै सुधार आवश्यक छ। पर्यटन क्षेत्रलाई दिगो विकास, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्रको बलियो आधार बनाउन स्पष्ट योजना, प्रभावकारी बजारीकरण योजना तथा कार्यान्वयन र सबै पक्षको साझा प्रतिबद्धता आवश्यक छ । पर्यटन केवल मनोरञ्जनको माध्यम मात्र होइन, देशको आर्थिक समृद्धि, सांस्कृतिक पहिचान र अन्तर्राष्ट्रिय छवि सुदृढ गर्ने महत्वपूर्ण क्षेत्र पनि हो। त्यसैले पर्यटनका विद्यमान चुनौतीलाई समयमै समाधान गर्दै सम्भावनालाई उपलब्धिमा रूपान्तरण गर्नु आजको प्रमुख आवश्यकता हो।

**अब के गर्ने त ?**

आजको विश्व बजारमा परम्परागत ढङ्गले बजारीकरण हुन सक्दैन । पर्चा, पम्प्लेट र ब्रोसर बाँडेर पर्यटक आउने होइन–कुनै समय यिनै प्रचारका मुख्य माध्यम थिए, तर अहिले यसले काम गर्दैन। अन्तर्राष्ट्रिय ठूला सञ्चार माध्यममार्फत् प्रचारप्रसार गर्नुपर्छ। हाम्रा पर्यटकीय उपजहरु सबै एकैखालका छैनन् । त्यसैले कस्ता पर्यटकहरूले कुन उपजहरु अनुभव गर्न चाहन्छन् भन्ने आधारमा लक्षित बजारीकरण आवश्यक छ। सांस्कृतिक, प्राकृतिक एवं साहसिक पर्यटन नै हाम्रो मुख्य आकर्षणका क्षेत्र हुन् । पर्यटकका आ-आफ्नै रुचि, क्षमता र अनुभव हुने भएकाले उनीहरूलाई त्यसैअनुसारको स्वाद चखाउन सक्नुपर्छ।

विश्व पर्यटनकै सबैभन्दा ठूलो पर्यटन स्रोत बजार आज पनि चीन नै हो । झन्डै १७ करोड ५० लाखभन्दा बढी चिनियाँ पर्यटक वर्षेनि विश्व भ्रमणमा निस्कने गर्छन् । त्यसको शून्य दशमलव शून्य एक प्रतिशत मात्र नेपाल आउने गरेको तथ्याङ्क हामी माझ छ। त्यसैगरी भारतका तीन करोड पर्यटक वार्षिक रूपमा विदेश भ्रमण गर्छन्, तर तिनको एक प्रतिशत पनि नेपाल आउँदैनन्। अन्य सार्क देशका पर्यटकको आगमन पनि अत्यन्त न्यून रहेको छ। भूराजनीतिक द्वन्द्वका कारण हवाई यातायात एकदम महँगो र नेपालको लामो दूरीका स्रोत बजारहरुसँगको सम्पर्क पहुँच (कनेक्टीभिटी) कमजोर भएको परिवेशमा विश्वका दुई ठूला अर्थतन्त्र, जनसंख्या र पर्यटकहरुको उपस्थिति भएका देशहरु भारत र चीन सँगसँगै क्षेत्रीय स्रोत बजारहरुमा नेपालले आफूलाई प्रतिस्पर्धी र आकर्षक गन्तव्यका रूपमा प्रमाणित गर्न रणनीतिक बजारीकरणमा जानैपर्छ।

नेपाल भ्रमण गर्नुअघि पर्यटकहरूले यहाँका गन्तव्यहरूबारे जानकारी, शान्ति-सुरक्षा, सेवा-सुविधालगायत विभिन्न सहुलियत प्याकेजबारे चासो राख्ने गर्छन्। सबै पर्यटक यहाँका प्राकृतिक सम्पदा हेर्न मात्र आउँदैनन्–कोही सांस्कृतिक सम्पदा र जीवनशैली अनुभव गर्न, कोही थप सुविधा वा सहुलियतका कारण नेपाल भ्रमण गर्न उत्सुक हुन्छन्। त्यसैले सबै खालका पर्यटकलाई आकर्षित गर्न विविध र रणनीतिक बजारीकरण आवश्यक हुन्छ।

चिनियाँ पर्यटकहरूलाई आफ्नो देशमा भित्र्याउन धेरै मुलुकले चीनमै आफ्ना सम्पर्क कार्यालय राख्ने, त्यहाँ विभिन्न प्रवर्द्धनात्मक क्रियाकलाप गराउने र स्थानीय स्तरमा आफ्ना प्रतिनिधि तयार गरी आफ्नो देशको प्रचारप्रसार गराउने गरेका छन्, जसका कारण उनीहरूले ठूलो संख्यामा चिनियाँ पर्यटक भित्र्याउन सफल भएका छन्। यस दिशामा नेपालले पनि पहल गर्नु आवश्यक छ। विभिन्न देशमा रहेका नेपाली दूतावासले नेपालबारे ती मुलुकलाई जति प्रभावकारी रूपमा अवगत गराउनुपर्ने हो, त्यसो हुन सकेको छैन । केवल औपचारिक जागिर वा भ्रमणको सोचले मात्र पर्यटक भित्र्याउन सकिँदैन । स्थानीय समुदायको सहभागिता बढाई पर्यटनबाट हुने आम्दानी गाउँ-गाउँसम्म पुर्याउन आवश्यक छ। यसले रोजगारी सिर्जना गर्नुका साथै स्थानीय कला, संस्कृति र उत्पादनको संरक्षणमा पनि योगदान पुर्याउँछ।

नवप्रवर्तन पर्यटन भनेको प्रविधिको उपयोगमार्फत पर्यटन अनुभवलाई नै नयाँ रूप दिनु हो। आजका पर्यटकले होटल बुकिङदेखि गन्तव्य छनोटसम्म कृत्रिम बौद्धिकता (एआई) मार्फत् सहज र व्यक्तिगत सेवा खोज्ने गरेका छन् भने आभासी यात्रा पूर्वावलोकन, स्मार्ट यात्रा एप र यस्तै प्रविधिले पर्यटन अनुभवलाई थप सहज बनाइरहेका छन्। नेपालले पनि यस्तै प्रविधिमैत्री उपायहरू अपनाउनु आवश्यक छ–जस्तैः डिजिटल गन्तव्य म्याप, अनलाइन बुकिङ प्रणाली, र गन्तव्यगत जानकारी सहज रूपमा पाइने मोबाइल एपजस्ता सुविधा। यसले नेपालको पर्यटन प्रस्तुतीकरणलाई अन्तरराष्ट्रिय स्तरको बनाउनुका साथै साना तथा दुर्गम गन्तव्यहरूलाई समेत विश्व बजारसम्म पुर्याउन सहयोग गर्छ। साहसिक, आरोग्य र नवप्रवर्तन–यी तीनवटै क्षेत्रलाई एकसाथ जोडेर बजारीकरण गर्न सके नेपालले फरक-फरक रुचि र क्षमता भएका पर्यटक समूहलाई एकैपटक आकर्षित गर्न सक्छ। उदाहरणका लागि, पदयात्रापछि हिमाली आरोग्य केन्द्रमा विश्राम गर्ने वा साहसिक यात्राको योजना नै डिजिटल एपमार्फत् बनाउने प्याकेज नेपालका लागि नयाँ र आकर्षक उत्पादन हुन सक्छन्।

**भारतसँगको माइस अवसर**

भारत आज विश्वकै सबैभन्दा छिटो वृद्धि हुने बाह्य माइस(एमआईसिई) अर्थात् बैठक, प्रोत्साहन यात्रा, सम्मेलन र प्रदर्शनी बजारमध्ये एक बनेको छ। भारतको स्वदेशी एमआइसिई बजार नै सन् २०२५ मा करिब ३७ अर्ब डलर बराबरको रहेकामा सन् २०३१ सम्ममा दोब्बरभन्दा बढी हुने प्रक्षेपण छ, भने बाह्य एमआइसिई खर्च पनि केही वर्षभित्रै १३ अर्ब डलरभन्दा माथि पुग्ने अनुमान गरिएको छ। नेपाल यसअघि नै भारतीय आउटबाउन्ड पर्यटकका शीर्ष रोजाइका गन्तव्यहरूमध्ये सूचीकृत भइसकेको छ र नेपाललाई नजिकको दूरी, विविध पर्यटकीय आकर्षण र परिवर्तित एवं सुदृढ पूर्वाधार (स्तरोन्नत विमानस्थल, अन्तर्राष्ट्रिय होटल शृंखलाको आगमन) कारण सम्भाव्य गन्तव्यका रूपमा उभ्याएको छ।

# आधुनिक समाज डेन्टलले गर्यो निःशुल्क दन्त शिविर




बुटवल । आधुनिक समाज डेन्टल, बुटवलले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत बुटवल-१५, उजेलापुरस्थित मुक्तिनाथ अपाङ, दृष्टिविहीन तथा अनाथ आश्रममा निःशुल्क दन्त स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

पुष्पलाल पार्कस्थित आधुनिक समाज डेन्टलको टोलीले आश्रममा पुगेर आश्रित बालबालिका तथा अन्य व्यक्तिको दन्त परीक्षण गरेको हो । हाल आश्रममा २४ जना बालबालिकासहित विभिन्न उमेर समूहका व्यक्तिहरू बसोबास गर्दै आएका छन् ।

आश्रमका अध्यक्ष तुलाराम केसीले आश्रम सञ्चालनका लागि सहयोग नै मुख्य आम्दानीको स्रोत रहेको बताए । उनले दैनिक जीवनयापनका लागि गीत गाएर तथा विभिन्न क्षेत्रबाट सहयोग संकलन गर्दै आएको जानकारी दिए ।

आधुनिक समाज डेन्टलका सञ्चालक अमृत भुसालले शिविरका क्रममा दाँतमा समस्या देखिएका तीन जनालाई थप उपचारका लागि क्लिनिकमा बोलाइएको बताए । उनले आवश्यक औषधि वितरण गर्नुका साथै आश्रमलाई कोलगेट टुथपेस्ट र टूथब्रससमेत हस्तान्तरण गरिएको जानकारी दिए ।

दन्त चिकित्सक डा. गरिमा बश्यालले नियमित रूपमा दाँत माझ्ने, मुखको सरसफाइमा विशेष ध्यान दिने र समय-समयमा दन्त परीक्षण गराउने बानी बसाल्न आग्रह गरिन् ।

---

**पूर्वाधार...**

जसले गर्दा क्याम्पसमा विद्यार्थी संख्या ह्वात्तै बढेर ऐतिहासिक क्याम्पसले नयाँ जीवन पाएको छ । रेसुङ्गा र सिद्धबाबा माविलाई स्मार्ट विद्यालयका रूपमा विकास गरी अत्याधुनिक सिकाइ सुरु गरिएको नगर प्रमुख पन्थीले बताए।

'यो वर्ष नगरस्तरीय कक्षा ८ को परीक्षामा २५ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् भने एसईईमा ४ जनाले ४ जीपीए ल्याएर रेसुङ्गाले जिल्लाकै साख उँचो पारेको छ।'-पन्थीले भने।

विद्यार्थीहरूको मानसिक स्वास्थ्यका लागि स्वस्थ मन स्वस्थ जीवन अभियान र स्थानीय माटो बुझाउन कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यपुस्तक लागू गरिएको छ।

**साहसिक पर्यटनको ढोका र धार्मिक सम्पदाको पुनर्जीवन**

रेसुंगाको गर्जुरा क्षेत्रमा जीपलाइन र स्काई साइक्लिङ सञ्चालन गर्न आवश्यक जग्गाको भोगाधिकार र सट्टाभर्ना संघीय सरकारबाट प्राप्त भइसकेको नगर प्रमुख पन्थीले बताए।

ऐतिहासिक सिद्धबाबा मन्दिर पुनर्निर्माणका लागि १ करोड बजेट सुनिश्चित भएको र यज्ञशाला तथा सानो रेसुङ्गा क्षेत्रमा परम्परागत ढुङ्गा छाप्ने तथा अतिथि भवन बनाउने कार्यले धार्मिक वैभवलाई अझ चम्काएको नगर प्रमुख पन्थी बताउँछन्।

**विघ्नबाधा चिर्दै समृद्धिको यात्रा**

२०८२ भदौमा भएको आन्दोलनका कारण दोभान डाँडापोखरी सडक, गहते खेल मैदान, र रेसुङ्गा खानेपानी आयोजनालगायतका झन्डै करोडौँका योजनाहरूको बजेट रोकिँदा विकासको गतिमा केही धक्का लागेको नगर प्रमुख पन्थीले बताए।

तर, यस्ता प्राविधिक र राजनीतिक व्यवधानका बाबजुद स्थानीय सरकारले अन्य मन्त्रालयहरूसँगको समन्वयमा थप ५८ करोड बजेट भित्राएर समग्र विकास बजेटलाई १ अर्ब २३ करोड पुर्याएको नगर प्रमुख पन्थीले जनाए।

रेसुङ्गा नगरपालिकाको भौतिक पुर्वाधार, स्वास्थ्य र शैक्षिक प्रगतिमा फड्को मारेर केन्द्रको सिंहदरबारको अधिकार आफ्नै घर आँगनमा आइपुगेको महसुस नगरवासीलाई दिलाउन सफल भएको नगर प्रमुख पन्थीले उल्लेख गरे।

**नागरिक ...**

देवेन्द्रराज पाण्डे सुरुमा २०४६ र विशेषगरी २०६२-६३ को लोकतान्त्रिक आन्दोलनका प्रमुख नागरिक अगुवामध्ये एक थिए। उनी लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन (सिटिजन्स मुभमेन्ट फर डेमोक्रेसी एन्ड पिस)का नेतामध्ये थिए, जसले दोस्रो जनआन्दोलनमा महत्त्वपूर्णभूमिकाखेलेकोथियो। उनी लोकतन्त्र, मानवअधिकार र नागरिक स्वतन्त्रताका विषयमा निरन्तर सक्रिय रहे।

पाण्डे ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका अध्यक्ष पनि भएका थिए । अन्तर्राष्ट्रिय तहमा पनि यसको नेतृत्व संरचनामा निर्वाचित सदस्यका रूपमा उनले काम गरेका थिए । सार्वजनिक जीवनमा इमानदारी, पारदर्शिता र जवाफदेहिताको वकालत गर्ने बौद्धिक व्यक्तित्वका रूपमा उनको पहिचान थियो।

उनले नेपालको अर्थनीति, लोकतन्त्र, विकास तथा अन्तर्राष्ट्रिय सहयोगलगायत विषयमा नेपाली तथा अंग्रेजी दुवै भाषामा धेरैवटा पुस्तकहरु लेखेका छन् । 'नेपाल्स फेल्ड डेभलपमेन्ट', 'लुकिङ एट डेभलपमेन्ट एन्ड डोनर्स', 'नेपाली अर्थराजनीति', 'अर्थ-राजनीतिक विसङ्गति', 'नागरिक आन्दोलन र गणतान्त्रिक चेतना', 'लोकतन्त्रको प्राण-प्रतिष्ठा', 'एक ज्यान, दुई जुनी' लगायत उनका प्रमुख पुस्तकहरू हुन्।

पाण्डेले नेपालको विकासका समस्यालाई आर्थिक स्रोतको अभावका रूपमा होइन, सुशासनको कमजोरी, संस्थागत उत्तरदायित्वको अभाव, राजनीतिक संस्कृतिको समस्या र नागरिक सहभागिताको कमीसँग जोडेर विश्लेषण गर्ने गरेका थिए। उनी विकासका केन्द्रमा नागरिक, सामाजिक न्याय र संस्थागत सुधार हुनुपर्ने धारणा राख्थे।

मधेस र पहाडबिच क्षेत्रीय वैमनस्यको बीउ रोप्ने कोसिस हुँदा पाण्डेले सामाजिक हार्दिकता निर्माण गर्न खेलेको भूमिका कम चर्चा गरिएको तर यादगार योगदान थियो।

**आरोप...**

सञ्चालन रहेको इन्फिनिटी होल्डिङ्स प्रा.लिको स्वामित्वमा रहेको हिमालयन एसेष्ट म्यानेजमेन्ट प्रा. लि.का नाममा बिक्री गर्दा पौडेलले सहजीकरण गरेको भन्ने बताएको दाबी गर्दै विभागले अदालतमा मुद्दा लगेको थियो।

शर्मा र मालपानीले आफ्नो स्वामित्वको सेयर दिपक भट्टलाई बेचेको मात्रै होइन, हिमालयन रिइन्स्योरेन्स लि.को नामको २० लाख कित्ता शेयर आफूहरुको स्वामित्वको स्याफ्रोन सीके इन्भेष्टमेन्ट प्रालिका नाममा खरिद गर्दा पनि पौडेलले सहजीकरण गरेको बयान दिएको आरोप विभागले लगाएको थियो।

तर, उक्त शेयरहरु खरिद बिक्रीबाट लाभग्राही देखिएका सम्बद्ध कम्पनी वा व्यक्ति उपर आरोपदाबी नलिएको विषयमा अदालतले प्रश्न उठाएको छ। जसले यो सेयर कारोबारबाट लाभ पायो, उसलाई मुद्दा दायर नै नगर्ने कार्यले त्यो काम पौडेलको सहजीकरणमा भएको भन्न नसकिने अदालतको आशय छ।

त य स त ै, पौडेलमाथिको अनुसन्धान दिपक भट्टलगायतमाथिको मुल मुद्दासँग सम्बन्धित हो । 'तर, मूल आरोपदावीको रुपमा विशेष अदालतमै विचाराधीन रहेको मुद्दाका प्रतिवादी दिपक भट्टले अनुसन्धान अधिकृत समक्ष तथा अदालत समक्ष बयान गर्दा उनका कम्पनीका नाममा श्रीराम टोवाकोको सेयर खरिद गर्ने क्रममा विष्णु पौडेलले सहजीकरण गरेको भनेर कुनै पनि तथ्य खुलाएको वा पोल गरेको देखिँदैन,' पौडेललाई सामान्य तारेखमा रिहा गर्ने आदेश दिँदा अदालतले भनेको छ।

दोस्रो आधारमा सम्पत्ति शुद्धीकरण विभागले दाबी गरेजस्तो श्रीराम टोबोकोको सेयर बेच्ने बेला पौडेल अर्थमन्त्री रहेको भनेर सरकारले झुटो दाबी गरेको पनि विशेष अदालतले भनेको छ। श्रीराम टोवाको उद्योगको शेयर २०८० चैत १५ मा हिमालयन एसेष्ट म्यानेजमेन्ट प्रालिको नाममा हस्तान्तरण भएको थियो।

सो बखत विष्णुप्रसाद पौडेल अर्थमन्त्रीको पदमा नरहेको अदालतले उल्लेख गरेको छ । त्यसो हुँदा पौडेल अर्थमन्त्री नभएको बेला भएको सेयर हस्तान्तरण उनले अतिरिक्त लाभ दिलाइदिने आश्वासनमा प्रभावमा पारी भएको भन्ने सरकारको आरोपलाई अदालतले अस्वीकार गरिदिएको छ।

तेस्रो आधारमा दिपक भट्टसँग पौडेलको आर्थिक कारोबार पनि नदेखिएको अदालतले उल्लेख गरेको छ । विशेष अदालतमै चलिरहेको अर्को सम्पत्ति शुद्धीकरण मुद्दाका प्रतिवादी दिपक भट्टको आर्थिक कारोवारसँग पौडेलको आर्थिक कारोबार पनि नदेखिएको अदालतको भनाइ छ । विष्णु पौडेलको खातामा जम्मा ६ लाख ३४ हजार रुपैयाँ मात्रै भेटिएको भन्दै विशेष अदालतले शेयर खरिदबिक्रीको लाभ पौडेलले पाएको प्रमाणित नहुने उल्लेख गरेको छ।

चौथो आधारमा पौडेल अर्थमन्त्री भएको अवधिमा श्रीराम टोवाको उद्योगलाई सुपारीको आयातको कोटा बढी परिमाण दिएको भन्ने सरकारको आरोप पनि प्रमाणित नहुने अदालतले ठहर गरेको छ। बढी परिमाणमा आयात गर्न दिएको सरकारको आरोपदाबी भए तापनि सो कार्यबाट दिपक भट्टले सम्पत्ती वा लाभ प्राप्त गरेको देखिने कुनै पनि प्रमाण पेश हुन नसकेको अदालतले उल्लेख गरेको छ। त्यति मात्रै होइन, त्यसरी बढी परिमाणमा आयत गर्न दिएको भनिएको कम्पनीलाई प्रतिवादीसम्म पनि कायम गरेको नदेखिएको भन्दै यहाँ पनि अदालतले सरकारको नियतमाथि गम्भीर प्रश्न उठाएको छ ।पाँचौं आधारमा विष्णुप्रसाद पौडेलले दिएको इन्कारी बयानलाई पनि उनलाई रिहा गर्ने आधारका रुपमा अदालतले लिएको छ। 'अनुसन्धानको क्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसमक्ष र अदालतसमक्ष बयान गर्दा न्यून मूल्यमा श्रीराम टोबाको उद्योगको शेयर अबमूल्यन गरी बिक्री गराउन सहजीकरण गर्ने कुनै काम गरेको छैन' भन्दै इन्कारी बयान दिएको अदालतले उल्लेख गरेको छ।

'विष्णुप्रसाद पौडेलको सलंग्नता रहेको कुरा तत्काल प्राप्त प्रमाणहरुबाट खुल्न नसकेको, आरोपदाबीको कसूरमा यी प्रतिवादीले इन्कार रही बयान गरेको, यी प्रतिवादीको नाममा सहप्रतिवादी दिपक भट्टको वित्तिय कारोवार समेतबाट सम्पत्ति वा लाभ प्राप्त भएको भन्नेसमेत खुल्न नसकेकोसमेतको अवस्था हुँदा ... पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रस्तुत मुद्दाको पूर्पक्षको लागि पौडेललाई साधारण तारिखमा राख्नू,' अदालतको आदेशमा भनिएको छ।

'सम्पत्ति शुद्धीकरण विभागका अधिकारीहरुलाई पौडेललाई दोषी प्रमाणित गर्ने कुनै प्रमाण नभएको पहिल्यै थाहा थियो, तर पनि प्रमाण छन् भन्दै झुट बोलिरहे,' ती वरिष्ठ अधिवक्ताले भने-'कुनै आधार प्रमाणविना नै पूर्वउपप्रधानमन्त्रीजस्तो मान्छेलाई पक्राउ गर्ने र सम्पत्ति शुद्धीकरण जस्तो गम्भीर मुद्दा लैजाने कार्य गर्नुले दुःख दिने र बदनाम गराउने नियत मात्रै राखेको स्पष्ट हुन्छ।'

यसरी पार्टीका वरिष्ठ नेतालाई आरोप प्रमाणित नै हुन नसकेको भन्दै अदालतले साधारण तारेखमा छाडिदिएपछि एमालेका नेताहरुले सरकारले प्रतिशोध साँधेको कुरा प्रमाणित भएको बताएका छन्।

एमाले महासचिव शंकर पोखरेलले प्रतिशोध र पूर्वाग्रहको राजनीति अन्ततः असफल भएको बताएका छन्। एमाले नेता प्रदीप ज्ञवालीले विभिन्न नेताहरू, व्यवसायीहरू र कर्मचारीहरूलाई मिडिया ट्रायल एवं मिथ्या सूचनाका माध्यमबाट बदनाम गर्ने, राज्यका संवैधानिक र अन्य अनुसन्धान निकायलाई दबाब दिएर अनुसन्धानका नाममा लामो समयसम्म थुनामा राख्ने एवं उनीहरू विरुद्ध दुराशययुक्त मुद्दा लगाउने सरकारका प्रतिशोधी हर्कतहरू उदाङ्गो र असफल हुँदै गएको टिप्पणी गरेका छन्।

राजनीतिक प्रतिशोधको यो शृंखला जारी रहेको पनि उनले बताएका छन् । सिंहदरबारमा अदृश्य समूहले कानुन हातमा लिँदै गरेका क्रियाकलापसम्बन्धी मिडिया कभरेज पढ्दा 'आडै सिरिङ्ग हुने'गरेको भन्दै उनले कटाक्ष गरेका छन्।

## भूमि प्रशासन कार्यालय भैरहवाबाट जारी भएको नामसारी हकदाबी सम्बन्धी ३५ दिने सूचना

(सूचना प्रकाशन मितिः २०८३/०४/०३)

जिल्ला रूपन्देही साविक ओमसतिया गाउँपालिका वडा नं. ४ बस्ने इनुस मुसलमान र रहिस मुसलमानले हाम्रो बाबु- तहसिल दार तेली भन्ने तहसिल दार मुसलमानको मिति २०७४।०६।१२ मा र निजको एकमात्र श्रीमती हाम्रो आमा कबुला निसाको मिति २०३२ सालमा मृत्यु भएको हो । निजहरुबाट हामी २ छोरा र ५ छोरीको जायजन्म भएकोमा छोरीहरु सबैको विवाह भैसकेको। हाल निजको हकवाला हामी २ छोरा निवेदकहरु इनुस मुसलमान र रहिस मुसलमान भएकोले मृतक ज.ध हाम्रो बाबु तहसील दार तेली भन्ने तहसील दार मुसलमानको नाममा दर्ता कायम रहेको जिल्ला रुपन्देही बसन्तपुर गा.वि.स वडा नं. २ क कित्ता नं. ५५०, ६५४, ६७ वडा नं. २ ख कि.नं. ९३०, ४३६, ५६९, ५७०, २५५, ४२३ वडा नं. ३ कित्ता नं. ४५१, ७५०, ७५२ ज.बि. ०-१-०, ०-२-१३, ०-५-१०, ०-१-१६, ०-०-११, ०-२-२, ०-४-५, ०-१-१२, ०-०-१५, ०-०-११, ०-४-१५, ०-५-५ समेत १२ कित्ता जग्गाको श्रेस्ता जीर्ण भएकोले जीर्ण श्रेस्ता कायम गरि हाम्रो नाउमा संयक्त नामसारी गरि पाउँ भनि द.नं. २४३६२ मिति २०८३।०२।२१ मा यस कार्यालयमा निवेदन पेश गरेकोमा मृतक ज.ध. को तिनपूस्ते विवरण के हो ? उल्लेखित जग्गा जमिनमा जोतभोग कसले गरेको छ ? कुनै प्रकृतिको सरकारी/सार्वजनिक जग्गा घुसेको छ/छैन ? अन्य कुनै व्यक्ति वा संघसंस्थाको हक हनन् हुन्छ/हुँदैन ? मृतक ज.ध. को नाउमा जीर्ण श्रेस्ता कायम गर्न मिल्छ /मिल्दैन ? निवेदकहरुको नाउमा नामसारी गर्न मिल्छ मिल्दैन ? सो सम्बन्धमा यस कार्यालयबाट हकदावीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यदी कोही कसैको दाबी, विरोध, उजुर बाजुर भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैँ वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्याल, पाल्पा

## प्रमाणित सम्बन्धमा

मितिः२०८३/०४/०३

**भारतीय पेन्सन प्रयोजनको लागि।**

प्रस्तुत विषयमा यस जिल्ला अन्तर्गत रामपुर नगरपालिका वडा नं. ५ निवासी भारतीय भू.पु सैनिक नं. ७४७८८० का टिका राम थापा (ना.प्र.मा टिकाराम थापा (ठाडा) मगर) को नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा तपशिल बमोजिमको विवरण उल्लेख भई फरक परेको भएता पनि व्यक्ति एउटै भएको व्यहोरा रामपुर नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. २८८१, मिति २०८३।०३।३० गतेको सिफारिस पत्रबाट लेखि आएको व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि प्रमाणित गरिन्छ।

**तपशिलः**

**नागरिकता प्रमाणपत्रमा उल्लेखित नामथरः**
**नामथरः** टिकाराम थापा (ठाडा) मगर
**जन्म मितिः** २०११।०७।२६

**भारतीय पेन्सन कागजातमा उल्लेखित नामथरः**
**नामथरः** टिका राम थापा
**जन्म मितिः** १९५४ सेप्टेम्बर ७



प्रमुख जिल्ला अधिकारी

**भारतीय पेन्सन प्रयोजनको लागि।**

प्रस्तुत विषयमा यस जिल्ला अन्तर्गत रामपुर नगरपालिका वडा नं. ५ निवासी भारतीय भू.पु ७४७८८० का टिका राम थापा (ना.प्र.मा टिकाराम थापा (ठाडा) मगर) को श्रीमती दान कुमारी थापा (ना.प्र. मा दान कुमारी (ठाडा) मगर) को नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा तपशिल बमोजिमको विवरण उल्लेख भई फरक परेको भएता पनि व्यक्ति एउटै भएको व्यहोरा रामपुर नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. २८८१, मिति २०८३।०३। ३० गतेको सिफारिस पत्रबाट लेखि आएको व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि प्रमाणित गरिन्छ।

**तपशिलः**

**नागरिकता प्रमाणपत्रमा उल्लेखित नामथरः**
**नामथरः** दान कुमारी (ठाडा) मगर
**जन्म मितिः** २०१८।०५।१८
**पतिको नाम थरः** टिकाराम थापा (ठाडा) मगर

**भारतीय पेन्सन कागजातमा उल्लेखित नामथरः**
**नामथरः** दान कुमारी थापा
जन्म मितिः १९६२ सेप्टेम्वर ३
**पतिको नाम थरः** टिका राम थापा



प्रमुख जिल्ला अधिकारी

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**प्रकृतिको काखमा बसेको सुन्दर गाउँः**
रैनादेवीछहरा गाउँपालिका -३ भुवनपोखरी अमिले पाल्पामा श्रावण महिनाको सुरुवातसँगै हरियाली मकैले ढकमक्क देखिएको सुन्दर गाउँ । यो रमणीय बस्ती हरिया डाँडाकाँडा र उर्वर मकैबारीका लागि प्रख्यात छ । *तस्विरः विशाल दर्लामीको फेसबुकबाट ।*

# दोस्रो तिलोत्तमा कोरा र बुटवल कोरा सम्पन्न



तिलोत्तमा । रुपन्देहीको तिलोत्तमामा दोस्रो तिलोत्तमा कोरा-२०२६ भव्यरुपमा सम्पन्न भएको छ । तिलोत्तमा राइडर्सको आयोजनामा नगरभित्रका प्राकृतिक, धार्मिक तथा पर्यटकीय सम्पदाको प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । तिलोत्तमा कोराको माथिल्लो विष्णुपुर दुर्गा मन्दिर परिसरमा तिलोत्तमा नगर प्रमुख रामकृष्ण खांण र विश्व साइकल यात्री पुस्कर शाहले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

साइकल यात्रा तिलोत्तमाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु बाउन्नकोटी मन्दिर, मोक्षधाम, कुञ्ज पार्क, तिलोत्तमा पार्क , श्रीङ्गेश्वर धामलगायतका स्थान परिक्रमा गरी ड्राइभरटोलमा पुगेर कार्यक्रम समापन भएको थियो । समापन कार्यक्रममा बोल्दै नगर प्रमुख रामकृष्ण खाँणले हरेक व्यक्ति स्वस्थ रहन र वातावरण संरक्षणका लागि साइकल चलाउने बानी बसाल्नुपर्ने बताए । ठूलो जनसंख्याले साइकल चलाउने हो भने इन्धनबाट चल्ने सवारी साधनका कारण हुने वायु प्रदूषण र व्यापार घाटा कम गर्न समेत योगदान गर्ने नगर प्रमुख खाँणले जनाए ।

तिलोत्तमा कोरालाई नगरपालिकाले आफ्नै कार्यक्रमका रुपमा अपनत्व लिएर सक्दो सहयोग गर्दै आएको नगर प्रमुख खाँणले बताए । नगरपालिकाभित्रका सामुदायिक वनहरुसँग समन्वय गरेर साइकल लेन बनाउने विषयमा नगरपालिका सकारात्मक रहेको उनले उल्लेख गरे ।

समापन कार्यक्रममा साइकल राइडरहरु तथा सहयोगी संघसंस्था र व्यक्तिलाईलाई नगर प्रमुख खाँण, आयोजक संस्थाका अध्यक्ष शंकर मल्ल, उपाध्यक्ष एवं कार्यक्रम संयोजक क्याप्टेन कृष्णबहादुर कार्की, सचिव सुवास थापा, कोषाध्यक्ष दीपक भट्टराईलगायतले प्रसंशापत्र र सम्मानपत्र प्रदान गरेका थिए । दोस्रो तिलोत्तमा कोरामा करिब दुई सय जना साइकल यात्री सहभागी भएका थिए ।

कार्यक्रममा तिलोत्तमा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष सुरज पंगेनी, विश्व साइकल यात्री पुस्कर शाह लगायतले तिलोत्तमा राइडर्सले स्थापनाको छोटो अवधिमै निकै व्यवस्थित र भव्यरुपमा कार्यक्रम आयोजना गरेको भन्दै प्रशंसा गरेका थिए ।

यस्तै बुटवलमा मणिमुकुन्द बुटवल कोरा शनिबार सम्पन्न भएको छ । बुटवल युनाईटेड साईक्लिङ क्लब र बुटवल साईक्लिङ ग्रुपको आयोजनामा भएको साइकल रयालीमा ५ वर्षका दुई बालकदेखि ६० वर्षसम्मको दुई दर्जन साईकल राईडरहरु सहभागी भएका थिए । मणिमुकुन्द कलेज परिसरबाट बिहान ६ बजे शुरु भएको ऱ्याली देवीनगर, बुद्धनगर हुँदै नयाँगाउँ स्वामीनारायण मुक्तिनाथ धाममा पुग्दा धामका पिठाधिश श्री १००८ स्वामी लोकानन्द महाराजले विशेष स्वागत गरेका थिए । कार्यक्रममा मणिमुकुन्द कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले छोटो, तर धेरै उत्तम साइकल यात्रा भएको बताए । बुटवलमा रहेको धार्मिक क्षेत्र र नयाँ रुटसहित यात्रा गर्दा धेरै रमाइलो भएको उनले सुनाए ।

# सूर्योदय आधारभूत विद्यालयमा निःशुल्क दन्त स्वास्थ्य शिविर



बुटवल । बालबालिकामा दन्त स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने उद्देश्यले बुटवल उप-महानगरपालिका-११ मजुवास्थित श्री सूर्योदय आधारभूत विद्यालयमा निःशुल्क दन्त स्वास्थ्य शिविर सम्पन्न भएको छ । बुटवल सुनचाँदी महिला समूहको आयोजनामा तथा युनिक डेण्टल एण्ड सेन्टर प्रालिको सह-आयोजनामा सम्पन्न शिविरमा १२० भन्दा बढी विद्यार्थी तथा अभिभावकले निःशुल्क दन्त परीक्षण, परामर्श तथा उपचार सेवा प्राप्त गरेका छन् ।

बुटवल सुनचाँदी महिला समूहकी अध्यक्ष किरण विश्वकर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बुटवल सुनचाँदी व्यावसायिक संघका अध्यक्ष गोकुल विश्वकर्माको प्रमुख आतिथ्यता तथा बुटवल उप-महानगरपालिका कार्यपालिका सदस्य सुनिता खडलुक विशिष्ट अतिथिका रूपमा रहेकी थिइन् ।

शिविरमा दन्तरोग विशेषज्ञ डा. एन्जिला न्यौपाने र डा. मनोज्ञ विश्वकर्माले विद्यार्थी तथा अभिभावकको मुख तथा दाँतको स्वास्थ्य परीक्षण गरी आवश्यक उपचार, परामर्श र दन्त सरसफाइसम्बन्धी जानकारी दिएका थिए । दन्त सहायक सरिता राना मगर र सुस्मा घर्तीले सेवा प्रवाहमा सहजीकरण गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि बुटवल सुनचाँदी व्यावसायिक संघका अध्यक्ष विश्वकर्माले व्यवसायसँगै सामाजिक उत्तरदायित्व निर्वाह गर्नु प्रत्येक संस्थाको दायित्व भएको उल्लेख गर्दै यस्ता स्वास्थ्यसम्बन्धी अभियानले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने बताइन् । उनले बालबालिकाको स्वास्थ्यमा गरिएको लगानी नै भविष्यको समृद्ध समाज निर्माणको आधार भएकाले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरिन् ।

विशिष्ट अतिथि तथा बुटवल उप-महानगरपालिका कार्यपालिका सदस्य सुनिता खातुङले विद्यालय केन्द्रित स्वास्थ्य कार्यक्रमले विद्यार्थीमा स्वास्थ्य सचेतना विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने बताइन् । स्थानीय सरकार, सामाजिक संस्था र निजी क्षेत्रबीचको सहकार्यबाट समुदायमा प्रभावकारी सेवा विस्तार गर्न सकिने उनको भनाइ थियो ।

वडा सदस्य युवराज रानाले विद्यालयमा स्वास्थ्य सेवा पुऱ्याउने अभियान प्रशंसनीय रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकालाई प्रत्यक्ष राहत पुग्ने बताए ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष विष्णुकुमारी रानाले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विशेषज्ञ चिकित्सकबाट निःशुल्क सेवा उपलब्ध गराउनु उपलब्धिमूलक कार्य भएको बताइन् ।

विद्यालयकी प्रधानाध्यापक शोभा ज्ञवालीले विद्यार्थीको सिकाइसँगै स्वास्थ्य पनि उत्तिकै महत्वपूर्ण विषय भएकाले यस्ता शिविरले बालबालिकामा व्यक्तिगत सरसफाइ र दन्त स्वास्थ्यप्रति सकारात्मक बानीको विकास हुने विश्वास व्यक्त गरिन् ।

सह-आयोजक युनिक डेण्टल एण्ड सेन्टर प्रालिका प्रबन्ध निर्देशक मेघराज बुढाथोकीले दन्त रोगको समयमै पहिचान र उपचार गर्न सके भविष्यमा हुने जटिल समस्या न्यूनीकरण गर्न सकिने बताए । सामाजिक उत्तरदायित्वअन्तर्गत आगामी दिनमा पनि विभिन्न विद्यालय तथा समुदायमा यस्ता निःशुल्क स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइने उनले जानकारी दिए ।

उपाध्यक्ष सरु खड्काले स्वागत मन्तव्य राखेकी थिइन् भने सचिव कोपिला रसाइलीले कार्यक्रम सञ्चालन गरेकी थिइन् । कार्यक्रमको संयोजन ईश्वरी घिमिरे बिकले गरेकी थिइन् । बालबालिकाको दन्त स्वास्थ्य संरक्षणसँगै समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको उक्त शिविर प्रभावकारी बनेको सहभागीहरूले बताएका छन् ।

नियमित दन्त परीक्षण, सही ब्रस गर्ने तरिका, मुखको सरसफाइ तथा स्वस्थ जीवनशैलीबारे चिकित्सकले दिएको परामर्श विद्यार्थी र अभिभावकका लागि उपयोगी भएको सहभागीहरूको प्रतिक्रिया थियो । आयोजकका अनुसार आगामी दिनमा पनि यस्ता सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

कार्यक्रममा युथ इन्टरप्रेनरसिपकी संयोजक सबिना श्रेष्ठ, तितेपाती बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष कमला कुँवर, हामी र हाम्रो समाज बहुउद्देश्यीय सहकारी संस्थाकी अध्यक्ष चित्रकला विश्वकर्मा, युनिक डेण्टल एण्ड सेन्टर प्रालिका प्रबन्ध निर्देशक मेघराज बुढाथोकी, सञ्चार उद्यमी एमबी विश्वकर्मालगायत सामाजिक तथा शैक्षिक क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

# एआई प्रयोग र सीएनसी काठ राउटर सञ्चालन तालिम

बुटवल । रुपन्देहीमा विभिन्न क्षेत्रमा रहेका उद्योग तथा अन्य क्षेत्रमा रहेकायुवाहरुलाई व्यवसायमा एआई उपकरणको प्रयोग तथा सीएनसी काठ राउटर सञ्चालन तालिम सम्पन्न भएको छ ।

रूपन्देही उद्योग संघ र इन्स्योर परियोजनाको सहकार्यमा स्थापित सीप विकास इकाईको आयोजना तथाफर्निचर उद्योग संघ रूपन्देही र सक्षम नेम आइटी एजुकेसन प्रालिको समन्वयमा सञ्चालित यी तीन वटा तालिममा सहभागीहरुलाई प्रमाणपत्र प्रदान गरिएको छ। रुपन्देही उद्योग संघमा आयोजित समापन समारोहमासंघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले आधुनिक प्रविधिको विकाससँगै उद्योग तथा व्यवसाय सञ्चालन गर्ने तरिकामा तीव्र परिवर्तन आएको र समयअनुसार नयाँ प्रविधि तथा सीप सिक्नसके उद्योगको उत्पादन, सेवा, गुणस्तरसँगै प्रतिस्पर्धात्मक क्षमताबढाउन सहज हुने बताए । उद्योग क्षेत्रलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न रूपन्देहीउद्योग संघले आगामी दिनमा पनि यस्ता व्यावहारिक तथा समयसापेक्ष तालिमलाई निरन्तरता दिने उनको प्रतिबद्धता थियो । रूपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले आधुनिक मेसिन र डिजिटलप्रविधिको प्रयोग हरेक उद्योगीको आवश्यकता बनिसकेको बताए । यस्ता प्रविधिले उत्पादनलाई छिटो,गुणस्तरीय र व्यवस्थित बनाउन सहयोग पुग्ने उल्लेख गर्दै काफ्लेले सिकेको सीपलाई निरन्तर प्रयोग गर्नसहभागीहरूलाई आग्रह गरे । दक्ष जनशक्ति नै उद्योग विकासको आधार भएको उनको भनाइ थियो ।

व्यवसायमा एआई उपकरणको प्रयोगसम्बन्धी तालिमका प्रशिक्षक ई अमृत रानाभाटले आधुनिक डिजिटल उपकरणको सही प्रयोगले व्यवसाय सञ्चालन, ग्राहक सेवा, प्रचार-प्रसार, सामग्रीनिर्माण तथा कार्यालय व्यवस्थापनलाई सरल र प्रभावकारी बनाउन सकिने जानकारी दिए । सिकेकासीपलाई दैनिक काममा प्रयोग गर्नसके समय, श्रम र लागतको बचत हुने रानाभाटको भनाइ थियो । प्रशिक्षार्थीका तर्फबाट दिनेश घिमिरेले यो तालिम निकै प्रभावकारी र उपयोगी भएको र तालिमबाट व्यवसायमा उपयोगी आधुनिक डिजिटल उपकरणहरूको प्रयोग, सामग्री निर्माण, प्रस्तुतिकरण तथा कार्यालय व्यवस्थापनसम्बन्धी व्यावहारिक ज्ञानर सीप हासिल भएको बताए । यस्ता तालिमले आफ्नो पेशागत क्षमता बढाउन महत्वपूर्ण सहयोगपुगेको उल्लेख गर्दै उनले आगामी दिनमा थप निरन्तर तालिम सञ्चालन गर्न सुझाव दिए ।

त्यसैगरी प्रशिक्षार्थीका तर्फबाट मनोज आचार्यले सीएनसी काठ राउटर सञ्चालनसम्बन्धी तालिमबाट आधुनिक मेसिन सञ्चालन, डिजाइनअनुसार उत्पादन गर्ने विधि, मापनको शुद्धता कायम गर्नेतरिका तथा सुरक्षित कार्यप्रणालीबारे व्यावहारिक ज्ञान हासिल भएको बताउँदै सिकेका सीपलाई आफ्नो उद्योग तथा व्यवसायमा प्रयोग गरी उत्पादनको गुणस्तर र उत्पादकत्व बढाउने प्रतिबद्धता व्यक्त गरे ।

संघका प्रमुख कार्यकारी अधिकृत यादवप्रसाद भण्डारीको सञ्चालनमा सम्पन्न कार्यक्रममा प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, महिला सचिव मञ्जु भुसाल,सल्लाहकार रामप्रसाद आचार्यको सहभागिता रहेको थियो । समारोहमा तीन वटा तालिममा सहभागी ६० जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरणगरिएको थियो । यो कार्यक्रमको संयोजन सीप विकास इकाईका कार्यक्रम संयोजक खिमानन्द रिजाल र कार्यक्रम अधिकृत प्रदीप पन्थीले गरेका थिए ।

स्थानीय उद्योग तथा व्यवसायलाई आधुनिक प्रविधिसँग जोड्दै दक्ष, आत्मनिर्भर र रोजगारमुखी जनशक्ति उत्पादन गर्ने, उद्योगको उत्पादनशीलता र प्रतिस्पर्धात्मक क्षमता बढाउने, विदेशी प्रविधि तथा जनशक्तिमाथिको निर्भरता घटाउने तथा सम्मानजनक रोजगारीका अवसर विस्तार गर्ने उद्देश्यले यीतालिम सञ्चालन गरिएको रूपन्देही उद्योग संघले जनाएको छ ।

# अक्सफोर्डमा विद्यार्थीलाई स्वागत र ४० जनालाई पुरस्कार




बुटवल । बुटवलस्थित अक्सफोर्ड माध्यमिक विद्यालयमा कक्षा १२ का विद्यार्थीहरूको आयोजनामा कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत कार्यक्रम सम्पन्न भएको छ । कक्षा १२ का विद्यार्थी प्रकाश पाण्डेको अध्यक्षता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गादत्त भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा हिसान केन्द्रीय सदस्य तथा विद्यालयका प्राचार्य दिनेश भुसाल, अक्सफोर्ड कलेजका अध्यक्ष डा. अजित खनाल, क्याम्पस प्रमुख मनोज मरासिनी, प्राध्यापक सुमन भुसाललगायत सञ्चालक समिति, विभागीय प्रमुख, प्राध्यापक तथा व्यवस्थापकहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गादत्त भण्डारीले अक्सफोर्डले गुणस्तरीय शिक्षा, अनुशासन र संस्कारलाई सँगसँगै अघि बढाउँदै आएको बताउँदै विद्यार्थीहरूले मेहनत, अनुशासन र सकारात्मक सोचका साथ आफ्नो शैक्षिक यात्रालाई सफल बनाउनुपर्ने धारणा व्यक्त गरे । उनले विद्यालयले शैक्षिक उत्कृष्टतासँगै विद्यार्थीको व्यक्तित्व विकासलाई पनि समान प्राथमिकतामा राखेको बताए ।

त्यसैगरी, विद्यालयका प्राचार्य तथा हिसान केन्द्रीय सदस्य दिनेश भुसालले नवआगन्तुक विद्यार्थीलाई विद्यालय परिवारमा स्वागत गर्दै अक्सफोर्डले विद्यार्थीको भविष्य निर्माणलाई केन्द्रमा राखेर आधुनिक, व्यावहारिक र नतिजामुखी शिक्षण प्रणाली अवलम्बन गरिरहेको बताए । उनले विद्यालयले उत्कृष्ट नतिजा मात्र नभई अनुशासन, नैतिकता र सामाजिक उत्तरदायित्व भएका सक्षम नागरिक उत्पादन गर्ने लक्ष्यका साथ शिक्षण-सिकाइ गतिविधि सञ्चालन गरिरहेको उल्लेख गरे ।

कार्यक्रममा वार्षिक परीक्षामा उत्कृष्ट जीपीए हासिल गर्ने विद्यार्थी तथा अभिभावकलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो । सो अवसरमा प्राध्यापक सुमन भुसालले ३ दशमलव ७० वा सोभन्दा माथि जीपीए ल्याउने ११ जना विद्यार्थीलाई जनही १० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको र ३ दशमलव ६० वा सोभन्दा माथि जीपीए ल्याउने २९ जना विद्यार्थीलाई जनही ३ हजार रुपैयाँ नगद पुरस्कारसहित सम्मान गरिएको जानकारी दिए । उनले यस्ता प्रोत्साहन कार्यक्रमले विद्यार्थीलाई अझ उत्कृष्ट नतिजा हासिल गर्न प्रेरित गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा उपस्थित अतिथिहरूलाई टिका तथा खादा लगाएर सम्मान गरिएको थियो भने नवआगन्तुक विद्यार्थीहरूको स्वागतमा गीत, नृत्य तथा विविध सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिएको थियो । कार्यक्रममा लोक दोहोरी गायक तथा पूर्व विद्यार्थी रीतु थापाले उत्कृष्ट गीतमार्फत् विद्यार्थी तथा प्राध्यापकहरूलाई छमछमी नचाएकी थिइन् । उत्साहपूर्ण वातावरणमा सम्पन्न कार्यक्रमले विद्यार्थीहरूबिच आत्मीयता, सहकार्य र भ्रातृत्वको भावना थप सुदृढ भएको आयोजकले जनाएको छ । कार्यक्रमको सञ्चालन विबेचना प्रसाईं र श्रीसा न्यौपानेले संयुक्त रूपमा गरेका थिए भने संयोजन प्राध्यापकद्वय झविन्द्र मरासिनी र कपिल ढकालले गरेका थिए ।





**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधै हामीलाई सम्झनुहोस् !

**आइडिया**
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**बाढी / पहिरोबाट सचेत हाऔं**

**बाढी पहिरो आउनुअघिः**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔँ,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाओं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगा लगायत तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं ।

**बाढी पहिरो आएमाः**

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔँ,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com